**बेनीघाट रोराङ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड – ७** | **संख्या – ९** | **मितिः २०८० चैत्र २५**


# भाग - २

बाँझो जग्गा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०


**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

बेनीघाट रोराङ गाउँपालिका

स्थानीय राजपत्र

खण्ड – ७ | संख्या – ९ | मितिः २०८० चैत्र २५

# बाँझो जग्गा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/१२/२५

**प्रस्तावना**

बेनीघाट रोराङ गाउँपालिका क्षेत्र भित्र रहेका कृषि योग्य तर बाँझो रहेका जमिनमा खेती गर्नका लागि कृषकहरूलाई प्रोत्साहन गर्नुका साथै कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लागि यस बेनीघाट रोराङ गाउँपालिकालाई खाद्य सङ्कटबाट जोगाउन बेनीघाट रोराङ गाउँपालिकाका १० वटै वडामा परम्परागत कृषि प्रविधि र उत्पादन प्रणाली अपनाइ सदियौंदेखि खेती गरिएको जमिन मध्ये केही जमिन केही वर्ष बाँझो रहेकोले सो भूमिलाई व्यवस्थित गर्न र पूनरुत्पादनमूलक बनाउन आवश्यक भएकोले सोको व्यवस्थापन गर्ने आगामी वर्षहरूमा बेनीघाट रोराङ गाउँपालिकालाई कृषिमा आत्मनिर्भर गराउने हेतुले बेनीघाट रोराङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## प्रारम्भिक

## परिच्छेद-१

### १. कार्यक्रमको संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

ख. बेनीघाट रोराङ गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मितिदेखि गाउँपालिका भर लागू हुनेछ।

### २. विषय वा प्रसँगले अर्को अर्थ नलागेमा,

क. "कार्यविधि" भन्नाले बाँझो जग्गा व्यवस्थापन कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

ख. "बाँझो जग्गा" भन्नाले परम्परागत रुपमा खेती भैरहेको तर कम्तिमा विगत दुई वर्ष देखि खेती नगरी बाँझो रहेको जग्गालाई सम्झनु पर्दछ।

ग. "किसान (कृषक)" भन्नाले कुनै पनि खेती गर्न चाहने व्यक्ति, तथा सहकारी समूहलाई सम्झनु पर्दछ।

घ. "व्यावसायिक" खेती भन्नाले परम्परागत खेती भन्दा माथि उठी आयआर्जनमुखी व्यावसायिक नगदे खेतीलाई सम्झनु पर्दछ।

ङ. "फलफूल" भन्नाले सुन्तला, कागती, लगायत विभिन्न जातका फलफूललाई सम्झनु पर्दछ।

च. "तरकारी" भन्नाले आलु, फर्सी, तितेकरेला, घिरौंला, टमाटर, काउली, बन्दा, प्याज, हरियो कोसासिमी, हरियो कोसाबोडी आदि सम्झनु पर्दछ।

च. "मसलाबाली" भन्नाले अदुवा, बेसार, धनियाँ, अलैंची, खुर्सानी आदि सम्झनु पर्दछ।

छ. "अन्नबाली" भन्नाले धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि सम्झनु पर्दछ।

ज. "दलहन" भन्नाले मास, भटमास, बोडी, मसुरो, मुङ, रहर, गहत, आदि सम्झनु पर्दछ।

झ. "पशुपन्छी" भन्नाले व्यावसायिक गाईपालन, भैंसीपालन, बाख्रापालन, कुखुरापालन, हाँसपालन, माछापालन, टर्की पालन, बट्टाईपालन आदिलाई सम्झनु पर्दछ।

ञ. "चरन विकास" भन्नाले वस्तुभाउको आहाराको लागि उत्पादन गरिने आहारा, घाँस आदिलाई सम्झनु पर्दछ।

ट. "स्थानीय तह" भन्नाले बेनीघाट रोराङ गाउँपालिका सम्झनु पर्दछ।

ठ. "अनुदान" भन्नाले बाँझो जमिन व्यवस्थापन गर्नको लागि सम्पन्न गरिने कुनै प्रकारको कृषिजन्य क्रियाकलाप गरे वापत बेनीघाट रोराङ गाउँपालिकाबाट किसानलाई दिईने रकम सम्झनु पर्दछ।

ड. "लाभग्राही" भन्नाले बाँझो जग्गामा खेती गर्नका लागि छनोट भएका कृषक सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्य**

यस कार्यविधिको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

१. खेतीयोग्य जमिन युवाशक्तिको कमीका कारण बाँझिएर गइरहेकोमा उक्त उर्वरा भूमिको अधिकतम सदुपयोग गर्ने।

२. बेनीघाट रोराङ गाउँपालिकालाई खाद्यान्न, ताजा मौसमी तथा बेमौसमी तरकारी, ताजा फलफूल, दाल, मसलाबाली तथा दुध, मासु, अण्डामा आत्मनिर्भर बनाउँदै लैजाने।

३. बेनीघाट रोराङ गाउँपालिकाका कृषक तथा युवाशक्तिका लागि व्यावसायिक कृषि मार्फत् रोजगारीको सिर्जना गर्ने।

४. बेनीघाट रोराङ गाउँपालिकाका कृषकहरूलाई आधुनिक कृषितर्फ व्यवसायिक बनाउँदै लैजाने।

५. बेनीघाट रोराङ गाउँपालिकाका बेरोजगारीको चपेटामा परेका वा बसाइसराइको तैयारीमा रहेका युवाशक्तिलाई व्यावसायिक कृषिमा आकर्षित गरी यस गाउँपालिकामा टिक्ने वातावरण मिलाउने।

६. विदेशबाट फर्किएका युवाशक्तिका लागि व्यावसायिक कृषि/पशुपालन व्यवसायतर्फ आकर्षित गर्ने।

**४. कार्यक्रमको अपेक्षित प्रतिफल**

यस कार्यविधिको कार्यान्वयनबाट देहाय बमोजिमको उपलब्धिको अपेक्षा गरिएको छ।

१. बाँझो जग्गाको अधिकतम उपयोग हुनेछ।

२. स्वरोजगारीको अवसर सिर्जना हुनेछ।

३. खाद्यान्न, तरकारी, मसला बाली, फलफूलको उत्पादनमा वृद्धि भई आयतमा प्रतिस्थापन हुनेछ, जसबाट यस बेनीघाट रोराङ गाउँपालिका क्रमशः आत्मनिर्भरतातर्फ अग्रसर हुनेछ।

४. किसान (कृषक) हरू प्रोत्साहित भई व्यावसायिक कृषि क्षेत्रमा आकर्षित हुनेछन्।

५. युवाशक्ति रोजगारीको लागि देशको अन्य स्थान तथा विदेश पलायन हुन रोकिने छ।

**५. कार्यक्रम सञ्चालनको अवधारणा**

१. खेतीयोग्य बाँझो जग्गालाई अधिकतम उपयोग गरी आय-आर्जनमा वृद्धि गर्ने उद्देश्यका साथ प्राथमिकतामा परेको कृषि क्षेत्रको विनियोजित रकम र आवश्यक परे अन्य शीर्षकबाट रकमान्तर गरी आवश्यक रकम खर्च गर्ने गरी यो कार्यविधि निर्माण गरी बाँझो जग्गा व्यवस्थापन गर्ने रणनीति तय गरिएको छ।

२. यो कार्यक्रम यस आ.व. २०८०/८१ को लागि सञ्चालन गरिने छ। आवश्यकतानुसार प्रभावकारिता हेरी यस कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिन सकिनेछ।

३. यस कार्यक्रम अन्तर्गत व्यक्ति वा समूहको निजी जमिन, अर्को व्यक्ति वा समूहबाट लिज वा भाडामा लिइएको जमिन वा बेनीघाट रोराङ गाउँपालिका मार्फत् लिजमा लिइएको जमिन समेटिने छ तर २ वर्ष यता उत्पादनविहीन बाँझो जग्गाको अधिकतम प्रयोगको रणनीति रहेको छ।

४. यस कार्यविधि अनुसार उपयोगमा आउन बाँकी रहेको बाँझो जग्गाको सन्दर्भमा बाँझो रहनुको कारण समेतको आधारमा आगामी आ.व. देखि बाँझो जग्गामा करको दर बढाईनेछ।

५. यस कार्यविधि अनुसारको कार्यक्रम कार्यान्वयन प्रत्येक सम्बन्धित वडा कार्यालयको सिफारिसमा वडा कार्यालय मार्फत् गरिनेछ।

**६. बाँझो जग्गाको उपयोग तथा अनुदान सम्बन्धी व्यवस्था**

१. यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यमा बाँझो जग्गा उपयोग गर्न सकिने र तपसिल बमोजिमको अनुदान उपलब्ध गराइनेछ।

क. व्यावसायिक सुन्तला, कागती जातका फलफूल तथा अन्य फलफूल खेतीको लागि प्रति रोपनी रु. २०००।-

ख. व्यावसायिक अन्नबालीको लागि प्रति रोपनी रु. १५००।-

ग. व्यावसायिक मसलाबालीको लागि प्रति रोपनी रु. १५०० ।-

घ. व्यावसायिक दलहन बालीको लागि प्रति रोपनी रु. १५००।-

ङ. व्यावसायिक मौरीपालन चरन व्यवस्थापनको लागि प्रति रोपनी रु. १५००।-

च. व्यावसायिक पशुपालनमा चरन विकास खेतीको लागि प्रति रोपनी रु. १५००।-

छ. व्यावसायिक च्याउको लागि प्रति रोपनी रु.१५००।-

ज. व्यावसायिक पुष्प बगैंचा तथा पुष्पको लागि प्रति रोपनी रु.१५००।-

झ. व्यावसायिक कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजनाको लागि प्रति रोपनी रु.१५००।-

ञ. व्यावसायिक माछा, हाँसपालनको लागि प्रति रोपनी रु.१५००।-

ट. व्यावसायिक कृषि आदि अन्य खेती व्यवसायको लागि प्रति रोपनी रु.१५००।—

२. अनुदान उपलब्ध गराउँदा आवश्यकतानुसार नगद अनुदान अथवा सो रकम बराबरको सामग्रीमा अनुदान उपलब्ध गराइने छ।

**७. समिति सम्बन्धी व्यवस्था**

१. यस अनुदान अर्न्तगतको काम सम्पन्न भए नभएको अनुगमनका लागि तपसिल अनुसारको अनुगमन समिति गठन हुनेछ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| सम्बन्धित वडाको सचिव | सदस्य |
| कृषि/पशु शाखाको प्राविधिक कर्मचारी १ जना | सदस्य |
| सम्बन्धित शाखा (कृषि/पशु) को शाखा प्रमुख | सदस्य सचिव |

२. यस अनुदान अन्तर्गत लाभग्राही छनोट गर्नका लागि यस प्रकारको लाभग्राही छनोट समिति रहनेछ।

| | |
|---|---|
| क) गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| ख) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ङ) योजना शाखा प्रमुख | सदस्य |
| च) भण्डार शाखा प्रमुख | सदस्य |
| छ) कृषि विकास शाखाको प्रमुख | सदस्य सचिव |

उपदफा १ र २ अनुसार गठन हुने समितिका आवश्यकतानुसार आमन्त्रित सदस्यको रुपमा निमन्त्रणा गर्न सकिने छ।

**८. सूचना प्रकाशन सम्बन्धी व्यवस्था**

१. बाँझो जग्गा उपयोग गरी खेती गर्न चाहने कृषकको लागि पन्ध्र(१५) दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

**९. निवेदन सम्बन्धी व्यवस्था**

१. सरकारी निकायमा दर्ता भएका सक्रिय कृषक वा कृषक समूह/कृषि सहकारी/कृषि फर्मले बाँझो जग्गामा खेती गर्ने सम्बन्धी अनुसूची-१ अनुसारको निवेदन सम्बन्धित वडा कार्यालयमा पेस गर्नुपर्नेछ।

२. निवेदन साथ निम्न अनुसारका कागजातहरू पेस गर्नुपर्नेछ।

क. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. बाँझो रहेको जमिनको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि

ग. लिज / भाडामा लिएको भए सोको सम्झौता पत्र

घ. जग्गा गत २ वर्ष देखि बाँझो रहेको भन्ने सम्बन्धित वडा कार्यालयबाट बाँझो खेती गर्ने जग्गाको चार किल्ला सहितको सिफारिस पत्र, विगत दुई वर्षदेखि बाँझो रहेको खुल्ने स्थलगत सर्जिमन मुचुल्का, सबै दिशाबाट देखिने गरी खिचिएको फोटो (कम्तिमा ४ प्रति)

ङ. कृषक समूह/फर्म/सहकारी/संस्थाको हकमा दर्ता-नवीकरण गरिएको प्रमाण-पत्रको प्रतिलिपी, स्थायी लेखा नं. को प्रतिलिपी, अघिल्लो आ.व.को करचुक्ताको प्रतिलिपी

च बाँझो जग्गामा लगाइने बालीको क्षेत्रफल विवरण

छ. बाली लगाउने व्यावसायिक योजना समेतको कार्यविवरण

**९. छनोट प्रक्रिया**

१. सार्वजनिक सूचना प्रकाशन भएपछि प्राप्त निवेदनहरूको छनोट दफा ७ को उपदफा २ बमोजिमको लाभग्राही छनोट समितिबाट देहाय बमोजिम हुनेछ।

क. उपलब्ध बजेट, निवेदकको सङ्ख्या, क्षेत्रफलसंग सन्तुलन कायम गरी लाभग्राही कृषकको छनोट गरिनेछ।

ख. जग्गाको प्रकृति, भू-बनोट तथा वूर्वाधारको आधारमा उच्च प्रतिफल दिने बाली छनोट गर्ने कृषकलाई प्राथमिकता दिईनेछ।

ग. बेनीघाट रोराङ गाउँपालिकाको स्थानीय बासिन्दा, विपन्न कृषक, वैदेशिक रोजगारीबाट फर्केका बेरोजगार युवाहरूलाई प्राथमिकता दिईनेछ।

**१०. भुक्तानी प्रक्रिया**

१. कार्यक्रम सञ्चालनको लागि दफा ६ मा उल्लेखित मापदण्डको आधारमा दफा ७ को उपदफा १ मा व्यवस्था भए बमोजिमको अनुगमन समितिबाट सिफारिस भए बमोजिमको अनुदान प्रदान गरिनेछ। तोकिए बमोजिमको अनुदान पहिलो वर्षमा मात्र उपलब्ध गराइनेछ।

२. तरकारी र खाद्यान्न बालीको हकमा एक वर्षमा कम्तिमा दुई बाली उत्पादन गरेको हुनुपर्नेछ। तर कुनै पनि कृषकले तरकारी, खाद्यान्न, दलहन बालीहरूमध्ये कुनै दुई किसिमको बाली उत्पादन गर्न सक्नेछन्।

३. उत्पादनको लागि ८ महिनाभन्दा बढी समय लाग्ने बाली जस्तै अदुवा, हलेदोको हकमा वर्षमा एक बाली मात्र लगाउन सकिनेछ।

४. एउटै जग्गामा एक भन्दा बढि बाली उत्पादन गरेको खण्डमा कुनै एक बालीमा मात्र अनुदान उपलब्ध गराइनेछ।

५. प्राकृतिक प्रकोपको कारणले सम्झौता बमोजिम कार्य सम्पन्न हुन नसकेको खण्डमा अनुगमन समितिले स्थलगत निरिक्षण गरी प्रतिवेदनमा उल्लेखित बालीको क्षतीको आधारमा अनुदान उपलब्ध गराउन सक्नेछ।

६. अनुदान दाबी गर्दा देहाउ बमोजिमका कागजात पेस गर्नुपर्ने छ।

क. निवेदन

ख. वडा कार्यालयको सिफारिस

ग. खेती गरेको जग्गाको सबै दिशाबाट खिचिएको फोटो (कम्तिमा ४ वटा)

घ. अनुगमन समितिको प्रतिवेदन

**११. प्रचलित कानून लागू हुने**

यस कार्यविधिमा व्यवस्था भएका विषयहरूका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानूनबमोजिम हुनेछ।

**१२. बाधा अड्काउ फुकाउ**

यस कार्यविधिको व्याख्यामा दुविधा भएमा बेनीघाट रोराङ गाउँपालिकाको निर्णयका आधारमा निकास निकालिने छ।

# अनुसूची – १

## (बाँझो जग्गा व्यवस्थापन कार्यविधि २०८० को दफा ८ को उपदफा १ अनुसार आवेदन फारम)

मितिः .....................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ।

विषयः बाँझो जग्गा व्यवस्थापन अनुदान सम्बन्धमा।

प्रस्तुत विषयमा, मिति २०.../...../.... गते यस बेनीघाट रोराङ गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम म, ........................... ले बाँझो जग्गामा खेती गर्न अनुदानका लागि निवेदन माग भएकोमा तपसिलको विवरण र सूचनामा माग भए बमोजिमका आवश्यक कागजात सहित सो अनुदान रकम प्राप्त गर्नका लागि यो निवेदन पेस गर्दछु।

तपसिल

1. बाँझो जग्गाको क्षेत्रफलः
2. खेती गर्न चाहेको बालीः फलफूल/ तरकारी/ मसलाबाली/ अन्नबाली/ मौरीपालन/ च्याउ खेती/ दलहन बाली/ पशुपालन तथा चरन विकास/ पुष्प बगैंचा तथा पुप्प खेती/ कृषि पर्यटन सम्बन्धी अन्य कृषि योजना/ माछा पालन/ हाँसपालन/ व्यवसायिक कृषि आदि अन्य खेती व्यवसाय/ ..........................
3. जग्गा धनिको नाम/थरः
4. जग्गाको स्वामित्वः आफ्नै/ भाडा/ लिज/ ...............
5. जग्गाको किसिमः खेत/ पाखो बारी

माथि उल्लिखित विवरण ठीक साँचो हो, झुठा ठहर भए कानूनबमोजिम सहुँला/बुझाउँला।

<u>**निवेदक**</u>
हस्ताक्षरः
नाम/थरः
ठेगानाः
संस्थाको छापः

# अनुसूची — २

श्रीमान् प्रमुख प्रसाशकीय अधिकृत ज्यू,
बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ।

विषयः विवरण पठाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा बेनीघाट रोराङ गाउँपालिकाको मिति ........................ गते प्रकाशित सूचना बमोजिम यस वडामा बाँझो जग्गा व्यवस्थापन सम्बन्धी सङ्कलन भएका निवेदनहरू पठाईएको बेहोरा अनुरोध छ।

| क्र.सं. | कृषकको नाम/थर | जग्गाको किसिम | लगाउने बाली | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

..................................
(......................)
वडा सचिव
वडा नं. ......
बेनीघाट रोराङ गाउँपालिका

## अनुसूची — ३

## संक्षिप्त कार्य योजना

व्यावसायिक कृषकको नाम/थरः

ठेगानाः बेनीघाट रोराङ गाउँपालिका वडा नं. .........., गाउँ/टोलः ..............................., धादिङ।

सञ्चालन गर्न खोजेको ......................... सम्बन्धी व्यवसाय र स्थानः

सहयोग स्वरुप माग गरेको अनुदान रकम लगानीः

आफ्नो लगानीः

आफ्नो परिवारिक श्रमको मूल्यः

व्यवसायबाट उत्पादन हुने वस्तुः

उत्पादित कृषि वस्तुको परिमाणः

बजारयोग्य परिमाणः

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन, यदि पार्छ भने सम्भावित क्षेत्र के-के हुन सक्लान? उल्लेख गर्नुहोस्। ..........................................................................................

..........................................................................................................................

फर्म/समूह/समिति/सहकारीको नामः

सम्पर्क नं.

ठेगानाः बेनीघाट रोराङ गाउँपालिका वडा नं. .........., गाउँ/टोलः ..............................., धादिङ।

बाँझो जग्गा व्यवस्थापन गरिने स्थानः

सञ्चालन गरिने कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |

व्यवसाय गरेको भए विगत (कति) ..... वर्षदेखि निरन्तर गरिरहनुभएको छ? ...... वर्ष ....... महिना

व्यवसायको लागि श्रमको व्यवस्थापनः क) पारिवारिक ख) बाहिरबाट ग) दुवै

कार्य योजनाको तर्फबाट सही गर्नेको

नाम/थरः संस्थाको छापः

पदः

दस्तखतः

मितिः

# अनुसूची — ४

## सम्झौता-पत्र

बेनीघाट रोराङ गाउँपालिकाद्वारा सञ्चालन गरिने चालू आ.व. २०८०/८१ को स्वीकृत बाँझो जग्गा व्यवस्गापन कार्यक्रम सञ्चालन गर्न बेनीघाट रोराङ गाउँपालिका, धादिङ (यसभन्दा पछि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनोट भएका व्यावसायिक कृषक श्री ................ (यसभन्दा पछि दोस्रो पक्ष भनिने) बिच तपसिलका शर्तनामाहरू गरी/गराइ कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती गरिएको छ।

1) सम्झौतामा उल्लेख भएको कार्यहरू सम्झौता भएको सात (७) दिनभित्र सुरु गर्नुपर्ने छ।
2) जग्गाको प्रयोग वातावरणीय दृष्टिकोणले प्रतिकुल नहुने गरी गर्नुपर्ने छ।
3) जग्गा भाडामा लिई खेती गरिएको हकमा जग्गा धनिको अनुमती बेगर जग्गाको कुनै भौतीक स्वरुप परिवर्तन गर्न पाइने छैन।
4) जग्गा जमिनको उपयोग गर्दा उत्पादन र उत्पादकत्व वृद्धि हुने गरी प्रयोग गर्नुपर्ने छ।
5) दोस्रो पक्षले सम्झौतामा उल्लेख भएबमोजिम कार्य नगरेको खण्डमा अनुदान दाबी गर्न पाउने छैन।
6) दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक ज्ञान प्राप्त गरी आफूले आवेदन गरे अनुसारको व्यवसाय सञ्चालन गर्नेछ।
7) पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि व्यवसायको कार्य-योजना अनुसार कार्यक्रम कार्यान्वयन गरेर पालिकामा बिल, भरपाई, फोटो, तथा अन्य सम्बन्धित कागजात पेस गरेपश्चात् सम्झौता बमोजिमको रकममा नियमानुसार करकट्टी गरी रकम उपलब्ध गराउने छ।
8) पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछ।
9) यस सम्झौतामा काम गर्दा परी आउन सक्ने कुनै पनि प्रकृतिको प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम् आफैं हुनेछ।
10) यस सम्झौतामा उल्लेख नभएका अन्य बेहोराको हकमा प्रचलित कानूनबमोजिम हुनेछ।

| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम/थरः | नाम/थरः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

## अनुसूची — ५

## प्रगति विवरण फारमको ढाँचा

**१.व्यावसायिक कृषकको**

नाम/थरः

ठेगानाः

**२. सञ्चालित व्यवसायको**

नामः

ठेगानाः

**३.आ.व.**

**४.प्रगति प्रतिवेदन अवधिः**

| क्र.सं. | कार्य विवरण | एकाइ | लक्ष्य | प्रगति | आइपरेका बाधा अड्चनहरू | समाधानका लागि सुझावहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति एकाइ उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्यः

व्यावसायिक कृषि उद्यमीको नाम/थरः

ठेगानाः

हस्ताक्षरः

मितिः

## अनुसूची — ६

## प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं. | दर्ता नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषि व्यवसाय प्रतिको अनुभव तालीम (३०) | पेस गरेको कार्य-योजना (४०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयुक्तता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनोट समितिका पदाधिकारीहरूको,

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं. | हस्ताक्षर | मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

प्रमाणिकरण मितिः २०८०/१२/०४

## अनुसूची — ७

### बाँझो भूमि तथ्याङ्क सङ्कलन फारम (सर्वेक्षण फारम)

1. जग्गा धनिको नाम/थरः
2. जग्गा धनिको स्थायी ठेगानाः बेनीघाट रोराङ गाउँपालिका, वडा नं. ........, टोल/गाउँ ............., धादिङ।
3. हालको बसोवास रहेको ठेगानाः ............................ गाउँ/नगरपालिका, वडा नं. ......., ............................ टोल/गाउँ, ....................... जिल्ला, .................. प्रदेश, नेपाल।
4. जमिन बाँझो हुनुको कारणः
5. बाँझो रहेको जग्गाको ठेगानाः
6. बाँझो जग्गामा जग्गा धनि खेती गर्न इच्छुक हुनुहुन्छ/हुनुहुन्न?
7. यदि हुनुहुन्छ भने, कहिलेबाट खेती सुरु गर्ने योजना छ?
8. यदि हुनुहुन्न भने, खेती नगर्नुको कारण के छ?
9. जग्गा धनि अरुलाई उत्पादनका लागि बाँझो जग्गा भाडामा दिन तयार हुनुहुन्छ/हुनुहुन्न?
10. सिंचाइको सुविधा छ/छैन? यदि छ भने, कुन प्रकारको उल्लेख गर्नुहोस्।
11. सिंचाइ कुलोको अवस्था कस्तो छ?
12. कुलोमा कुनै मर्मत/निर्माण गर्नुपर्ने छ/छैन?
13. बाँझो जग्गाबाट हुन सक्ने सम्भावित कृषि बालीको नाम?
14. बाँझो जग्गाबाट सम्भावित कृषि बालीको अनुमानित उत्पादन?

## अनुसूची – ८

### बाँझो जग्गाको लगत दर्ता रजिष्टर

| क्र.सं. | जग्गा धनिको नाम/थर | वडा नं. | टोल | जग्गा रहेको ठेगाना | जग्गा बाँझो रहेको अवधि | जग्गाको किसिम | कि.नं. | क्षेत्रफल (रोपनी) | प्रस्तावित बालीको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची — ९

## बाँझो जग्गाको उपयोग सम्बन्धी अनुगमन फारमको ढाँचा

1. कार्यक्रमको नामः
2. कार्यक्रम सञ्चालन स्थानः वडा नं. ............., टोल .........................
3. बाली लगाउन सुरु मितिः
4. प्रतिफल दिन सक्ने मितिः
5. अनुमानित प्रतिफलः
6. जग्गाको कुल क्षेत्रफल/बिरुवाको सङ्ख्या
7. बालीको किसिमः
8. कार्यक्रमको प्रकृति (क) स्वरोजगार तथा उत्पादनमूलक (ख) उद्यमशिलता प्रवर्धन गर्ने
9. कृषि बालीको (क) कुल लागत रु. ................................ (ख) कार्यालयबाट उपलब्ध हुने रकम रु. .............................. (ग) अन्य निकायबाट प्राप्त रकम रु. ...................... (घ) कृषकको तर्फबाट साझेदारी रकम रु. ...............................
10. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौता शर्तको पालना भए/नभएको?
11. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त भए/नभएको? यदि भएमा कति भयो? .......................
12. कार्यक्रमको समग्र उपलब्धिको अवस्था र दिगोपनः
13. लाभग्राहीको धारणा वा प्रतिकृयाः
14. अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः

**अनुगमन समितिका पदाधिकारीहरू**

| | | |
|---|---|---|
| 1. नाम | पद | हस्ताक्षर |
| 2. नाम | पद | हस्ताक्षर |
| 3. नाम | पद | हस्ताक्षर |
| 4. नाम | पद | हस्ताक्षर |

<u>**आज्ञाले,**</u>

(नर्बदा घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत

## १०. कार्यान्वयन प्रक्रिया

क. सूचना प्रकाशित भएको १५ दिन भित्र कृषकले सम्बन्धित वडामा निवेदन पेस गर्नुपर्नेछ।
ख. निवेदन सङ्कलन भएको ५ दिन भित्र सम्बन्धित वडाको सिफारिस सहित निवेदन र अनुसूची - २ अनुसारको विवरण गाउँपालिका स्थित कृषि विकास शाखामा पठाउनुपर्नेछ।
ग. विवरण प्राप्त भएको ४५ दिन भित्र कृषि प्राविधिकहरूले मूल्याङ्कन गरी अनुदानका लागि सिफारीस गरिनेछ।
घ. बेनीघाट रोराङ गाउँपालिकाको कृषि विकास शाखाका प्राविधिकहरूले सिफारिस गरेको ३० दिन भित्र अनुदान निकासा हुनेछ।
ङ. अनुसूची - ३ अनुसार सम्झौता गरी बेनीघाट रोराङ गाउँ कार्यपालिकाको कार्यालयले अनुदान वितरण गर्नेछ।
२. कुनै कारणवश निवेदकले गलत विवरण पेस गरी अनुदान प्राप्त गरेमा बेनीघाट रोराङ गाउँ कार्यपालिकाले निर्णय गरे अनुसार कारवाही हुनेछ।
३. अनुदान प्राप्त कृषकले जुन प्रयोजनको लागि लिएको हो सो कार्य पुरा गर्नुपर्नेछ। अनुदान तोकिएको कार्यमा खर्च नभएको पाइएमा जरिमाना सहित अनुदान रकम बेनीघाट रोराङ गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ।
४. बाँझो जग्गा खन्ने / जोत्ने कामको प्राविधिक इस्टिमेट / बाँझो जग्गा खनजोत भई बाली लगाएको वा पशुपालनको हकमा गोठ/टहरा बनाएको आधारमा प्राविधिक र बेनीघाट रोराङ गाउँपालिकाको कार्यालयबाट अनुगमन गरी सकेपछि प्रतिवेदनको आधारमा रकम भुक्तानी गरिनेछ।